# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, पुस ७ गते २०३९ साल (अतिरिक्ताङ्क ४० (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

न्यायिक समिति (दोस्रो संशोधन) नियमावली, २०३९

न्यायिक समिति नियमावली, २०२८ मा संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "न्यायिक समिति (दोस्रो संशोधन) नियमावली, २०३९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्यायिक समिति नियमावली, २०२८ को नियम २ (१) मा संशोधनः न्यायिक समिति नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को उपनियम (१) मा रहेको "धारा ७२ (ख)" भन्ने शब्दहरूको सट्टा "धारा ७२ क" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ६ (१) मा संशोधन : मूल नियमावलीको नियम ६ को उपनियम (१) को सट्टा निम्नबमोजिम उपनियम (१) राखिएको छः–

"समितिको अध्यक्षको सर्वोच्च अदालतका न्यायाधीशले पाए सरह र अन्य सदस्यको मासिक पारिश्रमिक दुई हजार दुई सय रूपैयाँ हुनेछ । तर आवश्यकता अनुसार श्री ५ बाट समय समयमा थप गर्न सकिबक्सनेछ ।"

४. मूल नियमावलीको नियम ९ (५) मा संशोधन : मूल नियमावलीको नियम ९ को उपनियम (५) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा निम्नबमोजिम प्रतिवन्धात्मक वाक्यांश राखिएको छ ।

"तर (क) धरौटी पुनराबेदन गर्ने वा बन्दी निवेदक भएकोमा सम्बन्धित निर्णयको रितपूर्वकको नक्कल नभए पनि निवेदनपत्रमा कारवाही हुन सक्नेछ ।

(ख) निवेदकको काबूबाहिरको परिस्थितिले गर्दा सम्बन्धित निर्णयको रितपूर्वकको नक्कल प्राप्त गर्न नसकेको अवस्था देखाई निर्णयको रितपूर्वकको नक्कल प्राप्त गरेपछि अर्को निवेदन दिने व्यहोराको निवेदन परेकोमा त्यस्तो निवेदनपत्र दिएको मितिले ३५ दिनभित्र निर्णयको रितपूर्वकको नक्कल राखी दिएको अर्को निवेदनपत्रमा पनि कारवाही हुन सक्नेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

४६५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।